देवघाट गाउंपालिका

# गाउं कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/१०/१४)

**नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन, संकलन तथा व्यवस्थापनका लागि ई-बिडिङ मार्फत बोलभाउपत्र आह्वानको सूचना !**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, देवघाट गाउंपालिकाको आर्थिक ऐन, २०७७, प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७७, ढुंगा, गिटि, वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ बमोजिम देवघाट गाउंपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका नदि तथा घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम तपसिलमा उल्लेखित नदि/घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन् गरि देवघाट गाउंपालिकाले तोकेको दरमा बिक्रि तथा व्यवस्थापन गर्ने गरी आ.व. २०७७/०७८ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र, आ.व. ०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही ई-बिडिङ मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | नदिको नाम | वडा नं. | घाटको नाम | बोलपत्र फाराम दस्तुर रु. | उत्खनन परिमाण ( घ.मि) | न्युनतम अङ्क (मूल्य अभिबृद्धि कर वाहेक) रु. |
|---|---|---|---|---|---|---|
| ३०-२०७७/०७८ | त्रिशुली नदि | ५ | भुवनटार घाट (माथिल्लो) | ३,०००।- | ५१,५७० | ९०,९६,९४८।- |
| ३१-२०७७/०७८ | कालिगण्डकी नदि | ५ | कालीभतेरी घाट (माथिल्लो) | ३,०००।- | ५०,३१० | ८८,७४,६८४।- |

**<u>ई- विडिङ मार्फत हुने बोलपत्र सम्बन्धी शर्तहरु:-</u>**

- बोलपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म बोलपत्र फाराम दस्तुर वापतको रकम देवघाट गाउंपालिकाको नाममा सिद्धार्थ बैंक लिमिटेड, देवघाट शाखामा रहेको ग १.१ आन्तरिक राजश्व खाता नं. ००८१५४१२९२१ मा तोकिएको दस्तुर तिरेको बैक भौचर पेश गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको website http:// www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी सबै कागजातहरु download गर्न सकिनेछ ।
- बोलपत्र सम्बन्धी पेश गर्नुपर्ने सबै कागजातहरु ३१ औं दिनको १२:०० बजेसम्म Scan गरि PDF Format मा सोही website मा पेश (Upload) गर्नुपर्नेछ । ई- बिडिङ मार्फत पेश हुन आएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस देवघाट गाउंपालिकाको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
- उल्लेखित ठेक्काहरुको ठेक्का अवधी सम्झौता मिति देखि लागू भै २०७८ जेष्ठ मसान्तसम्म हुनेछ ।

नरहरि मापकोटा
प्रमुख प्रशासकीय अधिकृत

- बोलपत्र फाराम पेश गर्दा आफुले कबुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । साथै जम्मा हुन आउने कबोल रकममा १३ % मुल्य अभिबृद्धि कर जोडी सो रकमको कम्तिमा ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा रकम जम्मा गरेको बैंक भौचर वा कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र को लागि बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) को Scan गरि PDF बनाई बोलपत्र कागजातमा संलग्न राखी सोही website मा पेश गर्नुपर्नेछ ।
- बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताले ठेक्का संझौता गर्न आउदा सम्झौता रकमको स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७८ आषाढ मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । एक मुष्ठ रकम भुक्तानी गरिएकोमा बैंक धरौटी पेश गर्नुपर्नेछैन ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३% मुल्य अभिबृद्धि कर र १.५% अग्रिम आयकर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- यो सूचनाको मितिले २१ औं दिनको १:०० बजे यस देवघाट गाउंपालिकाको कार्यालयमा Pre–Bid Meeting राखिएकोले ईच्छुक सम्पूर्ण बोलपत्रदाताहरुलाई छलफलका लागि उपस्थित हुन जानकारी गराईन्छ ।
- सम्झौता गर्दा स्वीकृत ठेक्का अङ्कलाई (तीन) किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता ५०%, दोश्रो किस्ता २५%, र अन्तिम किस्ता २५% हुनेछ । पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त कुनै बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७८ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । किस्ता अनुसार १३ % मुल्य अभिबृद्धि कर र १.५ % अग्रिम आयकर समेत जोडि कार्यालयमा रकम वुझाउनु पर्नेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम आ.व. २०७७/०७८ को करचुक्ता पेश गरेपछि फिर्ता दिईने छ ।
- बोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन गरि विक्रि गर्दा उक्त आ.व. को लागी देवघाट गाउंपालिकाले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन । उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोड्न सकिनेछ ।
- बोलपत्रदाताले दैनिक/मासिक रुपमा आफुले उत्खनन् गरेका परिमाणको विवरण अनिवार्य रुपमा देवघाट गाउंपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस कार्यालयबाट गरिएको सम्वन्धित नदि/घाटहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ ।
- यस सूचना र बोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयमा कार्यालय समय भित्र फोन नं. ०५६-५०००६८ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको website www.devghatmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ ।

.........................

नरहरि सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

नरहरि सापकोटा

प्रमुख प्रशासकीय अधिकृत